ग्रेट, स्मार्ट, हरियाली, स्वच्छ, समृद्ध समाजबाद उन्मुख नमुना गाउँपालिका

## भिमसेनथापा गाउँपालिका

## खाद्य अधिकार तथा खाद्य सम्प्रभुताको ऐन, २०८२

**प्रस्तावना:** भिमसेनथापा गाउँपालिकामा खाद्यको उत्पादन र उपलब्धता बढाई समतामूलक, उत्थानशील तथा दिगो खाद्य प्रणाली मार्फत गुणस्तरीय खाद्य र पोषणमा सबै जनताको दिगो पहुँच सुनिश्चित गर्न स्थानीय कानुन वान्छनीय भएकोले, नेपालको संविधान बमोजिम भिमसेनथापा गाउँपालिकाको गाउँ सभाले यो ऐन बनाएको छ ।

### परिच्छेद-१

### प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :** (१) यस ऐनको नाम "स्थानीय खाद्य अधिकार तथा खाद्य सम्प्रभुता ऐन, २०८२" रहको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) "खाद्य" भन्नाले जैविक स्रोतबाट प्राप्त सांस्कृतिक रूपमा स्विकार्य प्रशोधित, अर्धप्रशोधित वा अप्रशोधित मानव उपभोग्य पदार्थ सम्झनु पर्छ र सो शब्दले त्यस्तो पदार्थको तयारी र प्रशोधन वा उत्पादनको क्रममा प्रयोग हुने कच्चा पदार्थ समेत सम्झनु पर्छ ।

(ख) "किसान" भन्नाले कृषिलाई मुख्य पेसा वा व्यवसाय बनाई त्यसवाट नै आफ्नो जीविकोपार्जन गर्ने व्यक्ति सम्झनु पर्छ र सो शब्दले त्यस्तो व्यक्तिमा आश्रित परिवारका सदस्य वा वर्षको ६ महिना वा सो भन्दा बढी अवधि कृषि कार्यमा श्रम गर्ने, वनजंगल, नदिनाला लगायतका प्राकृतिक श्रोतवाट खाद्य तथा जडिवुटी संकलन र विक्रि वितरण गरेर जिविकोपार्जन गर्ने वा परम्परागत कृषि औजार निर्माण गर्ने व्यक्ति वा त्यस्तो व्यक्तिमा आश्रित परिवारका सदस्य समेत सम्झनु पर्छ ।

(ग) "कृषियोग्य भूमि" भन्नाले कृषिको लागि प्रयोग हुन सक्ने भूमि एवं प्रचलित कानुन बमोजिम कृषि कार्यको लागि निर्धारण गरिएको भूमि सम्झनु पर्छ ।

(घ) "संघीय ऐन" भन्नाले खाद्य अधिकार तथा खाद्य सम्प्रभूता ऐन २०७५ सम्झनु पर्छ ।

(ङ) "संघीय नियमावली" भन्नाले खाद्य अधिकार तथा खाद्य सम्प्रभुता सम्बन्धी नियमावली, २०८० सम्झनु पर्छ । (च) "कृषि" भन्नाले बाली, वागवानी, पशुपंक्षी, माहुरी पालन, माछा पालन आदि कृषिका सबै उपक्षेत्रसँग सम्वद्ध उत्पादन, उद्योग एवं व्यवसायहरुलाई समेत सम्झनु पर्दछ ।

(छ) "कुपोषण" भन्नाले स्वस्थ आहारको अभावमा शरीरमा आवश्यक पर्ने आयोडिन, आइरन, जिंक तथा भिटामिन 'ए' लगायतका सूक्ष्म पोषकहरूको न्यून उपस्थितिको अवस्थालाई जनाउँछ ।

"पोषण सुरक्षा" भन्नाले स्वस्थ आहारको अतिरिक्त स्वास्थ्य हेरचाह, रोगहरूको रोकथाम र नियन्त्रण तथा सरसफाइ र खानेपानीको उपलब्धता र पहुच समेतलाई सम्झनु पर्छ ।

(झ) "भोकमरी" भन्नाले कुनै व्यक्ति अनिच्छित रुपमा लामो समय देखी पोषणयूक्त खानेकुरावाट वञ्चित भै गम्भिर रुपमा कुपोषित भएको स्थिति शारिरिक रुपमा नै प्रकट भएको र निजको जिवन नै खतरामा परेको अवस्था"लाई सम्झनु पर्छ ।

(ञ) "भोकमरीको जोखिम" भन्नाले कुनै प्राकृतिक तथा मानविय आपत, विपद्, महामारी जस्ता काबु वाहिरका परिस्थिति लगायत असहायपन र परिक्तक्ततासमेतका कारण पोषणयूक्त खाद्यमा पहुँचवाट वञ्चित भएकाले गम्भिर रुपमा कुपोषित भई भोकमरीमा पर्न सक्ने अवस्थालाई सम्झनु पर्छ ।

(ट) "खाद्य सुरक्षा" भन्नाले सक्रिय र स्वस्थ मानव जिवनयापन गर्न आवश्यक हुने खाद्यमा प्रत्येक व्यक्तिको भौतिक तथा आर्थिक पहुँच सम्झनु पर्छ ।



प्रसाद
अध्यक्ष

(ठ) "खाद्य प्रणाली" भन्नाले समग्रमा मानव जन-जीवन, आर्थिक-सामाजिक तथा वातावरणीय सबै क्षेत्रमा प्रभाव पार्ने खाद्य उत्पादन देखि खाद्यको प्रशोधन, भण्डारण, बजार व्यवस्था, वितरण लगायत खाद्य शृङ्खलाका विभिन्न चरण हुँदै उपभोक्ताको भान्सा अर्थात उपभोगको अवस्था तथा विसर्जनको चरण समेतका क्रियाकलापलाई जनाउँछ ।

(ड) "तोकिएको वा तोकिएबमोजिम" भन्नाले यस ऐनअन्तर्गत बनेको नियममा तोकिएको वा तोकिएबमोजिम सम्झनु पर्छ ।

(ढ) "पालिका" भन्नाले भिमसेनथापा गाउँपालिकालाई जनाउँछ ।

(ण) "स्थानीय तह" भन्नाले गाउँपालिका र नगरपालिकालाई सम्झनु पर्छ ।

(त) "खाद्य समन्वय समिति" भन्नाले ऐनको दफा २३ बमोजिम गठित स्थानीय खाद्य समन्वय समिति सम्झनु पर्छ ।

(थ) "कोष" भन्नाले ऐनको दफा ११ बमोजिम स्थापना भएको स्थानीय खाद्य सुरक्षाप्रवर्द्धन कोष सम्झनु पर्छ ।

(द) "सुचना केन्द्र" भन्नाले ऐनको दफा २७ बमेजिम स्थापित स्थानीय खाद्य सुरक्षा सुचना केन्द्र सम्झनु पर्छ ।

(ध) "प्रदेश" भन्नाले गण्डकी प्रदेशलाई सम्झनु पर्छ ।

## परिच्छेद-२

## खाद्य अधिकारको प्रत्याभूति तथा खाद्य असुरक्षावाट संरक्षण

३. खाद्य अधिकार : (१) संघीय ऐनको दफा ३ को सर्वसामान्यतामा प्रतिकुल असर नपर्ने गरी पालिकाले संघ र प्रदेशसंगको समन्वय र सहकार्यमा प्रत्येक नागरिकको देहाय बमोजिम खाद्य अधिकारको सम्मान, संरक्षण र परिपुर्ति गर्नेछः-

(क) विना भेदभाव पर्याप्त, पोषणयूक्त तथा गुणस्तरीय खाद्यमा नियमित पहुँच प्राप्त गर्ने,

(ख) भोक तथा कुपोषणवाट मुक्त हुने,

(ग) खाद्यको अभावमा जिवन जोखिममा पर्ने अबस्थावाट सुरक्षित रहने,

(घ) साँस्कृतिक रुपमा स्वीकार्य खाद्यको उपभोग गर्ने ।

(ङ) खाद्य र पोषण शिक्षा र सुचनामा पहुँच प्राप्त गर्ने ।

(च) खाद्य सुरक्षाका परम्परागत उपायहरुको उपभोग गर्न पाउने ।

(छ) हानी विरुद्ध शिघ्र सुनुवाइ तथा उपचार प्राप्त गर्ने ।

४. भोकमरीवाट संरक्षण: (१) पालिकामा भोकमरीको जोखिमवाट नागरिकलाई संरक्षण प्रदान गर्न पालिकाले देहायबमोजिमका कार्य गर्नेछः-

(क) भोकमरीको रोकथाम तथा नियन्त्रणका लागि वार्षिक वजेट विनियोजन गर्ने ।

(ख) भोकमरीको जोखिमका अन्तरनिहित कारण पहिचान गर्ने ।

(ग) भोकमरीको संभाव्य जोखिम रहेका क्षेत्रवाट सुचना संकलन गरी विश्लेषण गर्ने ।

(घ) भोकमरीको रोकथाम र नियन्त्रणका लागि लक्षित कार्यक्रम सञ्चालन गर्ने ।

(ङ) भोकमरी तथा भोकमरीको जोखिम हटाउन स्थानीय खाद्य समन्वय समितिले सुझाएबमोजिम अन्य उपयुक्त उपाय अपनाउने ।

(२) यो ऐनको प्रयोजनका लागि पालिका भित्र देहायका व्यक्ति तथा परिवार भोकमरीको जोखिममा रहेको मानिनेछः-

(क) परित्यक्त वा असहाय अबस्थामा रहेको जुनसुकै व्यक्ति ।

(ख) भेदभाव, वहिश्करण र हिंसाका कारण संरक्षणविहिन अवस्थामा रहेका महिला, वालिवालिका, ज्येष्ठ नागरिक, अपांगता भएका व्यक्ति एवं यौनिक अल्पसंख्यक व्यक्ति,

(ग) कुनै महामारी, प्राकृतिक वा मानविय विपद्को कारण खाद्य अभावको सामना गरिरहेको व्यक्ति तथा परिवार ।



टोक प्रसाद बजगाई
अध्यक्ष

(घ) बिपन्न, दलित तथा सिमान्तकृत समुदायका गर्भवती, सुत्केरी, स्तनपान गराईरहेका महिला र निजसंग आश्रित बालबालिका ।

(ङ) भूमि तथा वासस्थानवाट निश्काशित भएर जिवन गुजाराका उपायबाट विमूख भएका व्यक्ति तथा परिवार ।

(च) गरिबीका कारण दैनिक गुजारा गर्न नसक्ने व्यक्ति तथा परिवार ।

(३) दुरत प्रतिकार्य (रेपिड रेस्पोन्स) मार्फत भोकमरी तथा भोकमरीको जोखिममा परेकाहरुको संरक्षण गर्न पालिका आफैं वा सम्बन्धीत वडाकार्यालय मार्फत देहायका कार्य गर्नेछः–

(क) खाद्य असुरक्षाका कारण कुनै व्यक्ति वा परिवार भोकमरीको जोखिममा परेको वारेमा सुचना, गुनासो वा उजुरी लिने व्यवस्था गर्ने ।

(ख) खण्ड (क) बमोजिम प्राप्त सुचना, उजुरी वा गुनासोको सम्बन्धमा छानविन गर्न सम्बन्धीत वडा कार्यालयबाट तत्काल प्रतिनिधि तथा टोली खटाउने र सत्यतथ्य वुझ्ने ।

(ग) कुनै व्यक्ति वा परिवार भोकमरी वा भोकमरीको जोखिममा परेको कारण संरक्षण दिनु पर्ने रहेछ भने तत्काल राहत, पोषणयूक्त खाना, नियमित स्वास्थ्य जाँच सहितको भरणपोषण र हेरचाहको प्रबन्ध गर्ने ।

(घ) महामारी, प्राकृतिक प्रकोप लगायतका कावु वाहिरको परिस्थितिका कारण भोकमरीको जोखिममा परेका व्यक्ति, परिवार तथा समुदायको खाद्य सूरक्षाका लागि तत्काल राहत सुविधा उपलब्ध गराउने ।

(ङ) कसैले आफ्नो संरक्षणमा वा आफूसंग आश्रित रहेको व्यक्तिलाई खाद्य तथा पोषणवाट वञ्चित गरी भोकमरीको स्थितिमा पुर्याई संघीय ऐन बमोजिम कसुर हुने कार्य गरेको पाइएमा कानुनी कारवाहीका लागि संघीय ऐन अन्तर्गतको निरिक्षण अधिकृत वा सम्बन्धीत निकायलाई जानकारी गराउने ।

(४) पालिका भित्र भोकमरीको रोकथाम र नियन्त्रणका लागी सामाजिक संघसंस्था तथा निजि क्षेत्रलगायत सर्वसाधारण सवैले देहायबमोजिम सामाजिक जिम्मेवारी वहन गर्नु पर्नेछः–

(क) भोकमरी वा भोकमरीको जोखिममा रहेका व्यक्ति, परिवार, समुदाय वा क्षेत्रको वारेमा सम्बन्धीत निकायलाई मौखिक वा लिखित सुचना दिने ।

(ख) भोकमरीको रोकथाम र नियन्त्रणको लागी पालिकाका प्रयासहरुमा सहयोग पुर्याउने ।

५. खाद्य असुरक्षित लक्षित घरपरिवारको पहिचानः (१) पालिकाले संघीय ऐन एवं त्यसअन्तर्गत बनेको संघीय नियमावलीमा तोकिएको विधि अपनाएर खाद्य असूरक्षित लक्षित घर परिवार पहिचान गरी पालिकाको लगत तयार पार्नेछ ।

(२) संघीय कानुनको आधारमा सर्भेक्षण गरी लगत तयार नहुँदा सम्म पालिकाले आंफ्नो प्रयोजनका लागि सम्बन्धीत वडा कार्यालयमार्फत निम्न आधारमा खाद्य असूरक्षित लक्षित घर परिवारको पहिचान गरी लगत तयार गर्न सक्नेछः–

(क) परिवारको संरचना, उमेर, लिङ्ग,

(ख) परिवारका सदस्यहरूमा भएको रोग, शारीरिक बनौट र तन्दुरूस्तता, सीप तथा शैक्षिक अवस्था, श्रम तथा रोजगारको अवस्था,

(ग) परिवारको कृषि तथा पशुजन्य उत्पादन, खाद्य सञ्चिति अवस्था, कृषि तथा गैर कृषि आम्दानी,

(घ) भूमिमा पहुँच, आवासको स्थिति, भौतिक सम्पत्ति, बचत, लगानी र कर्जाको स्थिति,

(ङ) खाद्य तथा गैर खाद्य खर्चको स्थिति,

(च) उपभोग गर्ने खाद्य पदार्थका किसिमहरू, खानेपानी तथा सरसफाइको अवस्था, पोषण, खाने आनिवानी तथा छनौट र परिवार भित्रका सदस्यहरू बीचमा खाद्यको वितरण,

(छ) विभेद, बहिष्करण तथा सिमान्तीकरण,

(ज) भौगोलिक विकटता तथा यातायात सुविधा, शिक्षा, स्वास्थ्यसेवामा पहुँच,

(झ) विपद् तथा प्रकोपजन्य घटना,



लोक प्रसाद तजरा
अध्यक्ष

(ग) द्वन्द्व, बन्द हडताल तथा नाकावन्दी आदि ।

(३) उपदफा (१) बमोजिम पहिचान गरि लगतमा परेका खाद्य असूरक्षित परिवारलाई पालिकाले संघीय कानुन अन्तर्गत तोकिएको ढाँचा तथा प्रकृया बमोजिम परिचयपत्र उपलब्ध गराउनेछ ।

६. खाद्य असुरक्षित लक्षित परिवारलाई सहायता: (१) दफा ५ बमोजिमको लगतलाई आधार मानेर लक्षित परिवारलाई प्राथमिकिकरण गरी संघीय ऐन अन्तर्गत प्राप्त हुने सहायताका अतिरिक्त पालिकाले तोकिएबमोजिम खाद्य तथा पोषण सहायता उपलब्ध गराउन सक्नेछ ।

(३) संघीय ऐनबमोजिम पहिचान भएका लक्षित परिवारहरुको अतिरिक्त पालिका भित्रको विशिष्टिकृत अवस्थालाई हेरेर खाद्य असुरक्षाको जोखिममा रहेका अन्य व्यक्ति तथा परिवारसमेतलाई पालिकाले खाद्य तथा पोषण सहायता वा नगद हस्तान्तरणको प्रवन्ध मिलाउन सक्नेछ ।

(४) संघीय कानुन बमोजिम खाद्य असूरक्षित लक्षित घरपरिवारको लगत तयार नहुँदा सम्म दफा ५को उपदफा (२)बमोजिम तयार गरिएको लगतलाई आधार मानेर पालिकाले खाद्य सहायता उपलब्ध गराउनेछ ।

७. खाद्य संकटको रोकथाम तथा प्रतिकार्य: (१) पालिका भित्र कुनै क्षेत्र वा समुदायमा खाद्य संकटको अवस्था आउन नदिन पालिकाले देहायका उपाय अवलम्वन गर्नेछ:

(क) स्थानीय खाद्य उत्पादन र त्यसको यथोचित उपभोगकोप्रवर्द्धन गर्ने ।

(ख) पालिका भित्र खाद्यको उपलब्धता तथा मौज्दातलाई पर्याप्त राख्ने ।

(ग) पालिका भित्र खाद्य संकटको जोखिममा रहेका परिवारलाई लक्षित गरी खाद्यको पर्याप्त आपूर्ति र सञ्चितिको प्रबन्ध गर्ने ।

(२) संघीय ऐनको दफा १० बमोजिम पालिकाको कुनै क्षेत्रलाई खाद्य संकटग्रस्त क्षेत्र घोषणा गरेको अवस्थामा पालिकाले त्यस क्षेत्रमा खाद्य संकटको सम्बोधनका लागि तोकिएबमोजिक दुरत प्रतिकायका उपाय कार्यान्वयन गर्नेछ ।

८. स्थानीय खाद्यलाई प्राथमिकता दिने: (१) पालिकाले कुनै किसिमको खाद्य, पोषण सहायता, सामुदायिक भोजन वा विद्यालय दिवा खाना उपलब्ध गराउँदा स्थानीय खाद्य उत्पादनको प्रयोगलाई पहिलो प्राथमिकता दिनेछ ।

(२) स्थानीय स्तरमा उत्पादित खाद्य तथा परम्परागत खाद्य संस्कृतिको अभिलेखन गरी त्यसकोप्रवर्द्धन गर्न पालिकाले निति, कार्यक्रम तथा वजेटमा प्राथमिकता दिनेछ ।

९. खाद्य तथा पोषण सुरक्षा कार्यक्रम : (१) खाद्य तथा पोषण सुरक्षाकालागि पालिकाले सञ्चालन गर्दै आएका कार्यक्रम तथा स्किमहरु यसै ऐनअन्तर्गत सञ्चालन भए सरह मानिने छन ।

(३) पालिकाले आफ्नो स्रोत साधानको अधीनमा रहेर खाद्य तथा पोषण सुरक्षाकोप्रवर्द्धनकालागि आवाश्यक कार्यक्रम वनाई लागु गर्नेछ।

(४) एकल रुपमा वा संघ तथा प्रदेश सरकारसंगको समन्वयमा खाद्य तथा पोषण सुरक्षा कार्यक्रम सञ्चालन गर्दा पालिकाले खाद्य असुरक्षाको जोखिममा रहेका वर्ग, समुदाय तथा क्षेत्रलाई प्राथमिकता दिनेछ ।

(५) पोषण तथा खाद्य सूरक्षाको स्थितिलाई सुदृढ पार्न पालिकाले अन्य कुराको अतिरिक्त वार्षिक वजेट तथा कार्यक्रममार्फत निम्न कुराहरुलाई प्राथमिकता दिनेछ:-

(क) खाद्य तथा पोषण उपभोग अवस्था नियमित अनुगमन तथा मूल्यांकन गर्ने।

(ख) पोषण असुरक्षाको जोखिममा रहेका परिवार तथा समुदायका लागि विशेष पोषण कार्यक्रम सञ्चालन गर्ने।

(ग) पोषण सूरक्षा समूह गठन,प्रवर्द्धन र परिचालन गरी पोषण व्यवहारमा सुधार ल्याउने ।

(घ) गर्भवती, सुत्केरी र स्तनपान गराईरहेका महिलालाई लक्षित पोषण सहायता कार्यक्रम सञ्चालन गर्ने।

(ङ) जन्मेदेखी ६ महिनासम्मको शिशुलाई पूर्ण स्तनपानप्रवर्द्धन गर्ने।



लोक प्रसाद बजगाईं
अध्यक्ष

(च) विद्यालयमा आधारभूत तहसम्म अध्ययनरत बालबालिकालाई स्थानीय उत्पादनमा आधारित स्वस्थ दिवा भोजन उपलब्ध गर्ने गराउने प्रबन्ध मिलाउने ।

(छ) कुपोषित बालबालिकालाई निःशुल्क उपचार, पोषण, पुनःस्थापना तथा अभिभावकलाई पोषण परामर्श सेवा प्रदान गर्ने ।

(ज) सबै उमेर समूहका असहाय तथा परित्यक्त व्यक्तिको पहिचान र भरणपोषणको व्यवस्था गर्ने ।

(झ) महामारी वा विपद्मा परेका व्यक्तिलाई निःशुल्क भोजनको व्यवस्था गर्ने ।

(ञ) पालिका भित्रका वासिन्दाहरुलाई स्वच्छ खानेपानीमा पहुँच सुनिश्चित गरी पोषणयुक्त खाद्य व्यवहार र सरसफाइप्रवर्द्धन गर्ने ।

(ट) स्थानीय रूपमा उपलब्ध पोषिला खानेकुराप्रति जनचासो अभिवृद्धि गर्ने ।

(ठ) खाद्य तथा पोषणको पहुँचमा अवरोध सिर्जना गर्ने भेदभावजन्य अभ्यास र कुरीतिहरूको अन्त्य गर्न कार्यक्रम सञ्चालन गर्ने ।

(ड) ज्येष्ठ नागरिकमा रहेको परम्परागत खाद्य संस्कृति, ज्ञान तथा सीपलाई संरक्षण तथा पुस्तान्तरणलाई प्रोत्साहित गर्ने ।

<u>१०. खाद्य तथा पोषण शिक्षा र सूचना:</u> (१) खाद्य तथा पोषण सुरक्षा सम्बन्धी सुचना तथा शिक्षामुलक जानकारी प्रवाह गर्नु पालिकाको कर्तव्य हुनेछ ।

(२) पालिकाले खाद्य तथा पोषणसम्बन्धी शिक्षाको विषयवस्तुलाई आधारभूत तथा माध्यामिक तहको पाठ्यक्रममा समावेश गरी पठनपाठन गराउनेछ ।

(३) पालिकाले खाद्य तथा पोषण शिक्षा र सूचनाप्रवर्द्धनका लागि देहायका उपाय अवलम्बन गर्नेछः-

(क) सम्बन्धीत वडा कार्यालयमार्फत खाद्य तथा पोषणसम्बन्धी सुचना स्थानीय भाषा तथा श्रव्यदृश्य माध्यमवाट संप्रेषण गर्ने गराउने ।

(ख) स्वस्थकर वा सरसफाईयूक्त खाद्य तथा पोषण आनिवानीको प्रचारप्रसार गर्ने ।

(ग) खाद्य प्रणालीमा लैंगिक तथा सामाजिक समावेशिकरणको महत्व वारेको सन्देश प्रवाह गर्ने ।

(घ) स्थानीय समुदायलाई परम्परागत ज्ञान, सिप, स्थानीय उत्पादन, स्थानीय खाद्य संस्कृति वारे सूचित बनाई संरक्षण रप्रवर्द्धनतर्फ उत्प्रेरित गर्ने,

(ङ) खाद्य संकटको सामना गरी खाद्य तथा पोषण असुरक्षा एवं भोकमरीवाट बच्ने उपाय वारेका सुचना प्रवाह गर्ने,

(च) खाद्य अधिकार सम्बन्धी कानुनी तथा नीतिगत व्यवस्थाहरुवारे सर्वसाधारणमा सचेतना जगाउने ।

<u>११. स्थानीय खाद्य सुरक्षाप्रवर्द्धन कोष:</u> (१) पालिकाले एउटा अलग्गै खाद्य सुरक्षाप्रवर्द्धन कोष स्थापना गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको कोषमा निम्नानुसारको रकम जम्मा हुनेछः-

(क) पालिकाले विनियोजन गर्ने रकम,

(ख) नेपाल सरकार र प्रदेश सरकारबाट अनुदान स्वरुप उपलब्ध गराउने रकम,

(ग) कोषको लागि वैध आर्थिक श्रोत पुष्टि हुने गरी कुनै व्यक्ति वा संघसंस्थाले दिने स्वेच्छिक चन्दा वा सहायता ।

(घ) सामाजिक उत्तरदायित्व कोष लगायत अन्य कुनै वैध श्रोतबाट प्राप्त रकम ।

<u>१२. कोषको प्रयोग:</u> (१) कोष महामारी, प्राकृतिक प्रकोप लगायतका काबु वाहिरको परिस्थितिका कारण खाद्य असुरक्षा, भोकमरी तथा कुपोषणको जोखिममा परेका व्यक्ति, परिवार तथा समुदायलाई तत्काल राहत सुविधा प्रदान गर्न प्रयोग गरिनेछ ।

(२) कोष सञ्चालनको अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ ।

<u>१३. कोषको पारदर्शिता:</u> वर्षेनी कोषको लेखा परिक्षण गराउने तथा आम्दानी, खर्च एवं हिसाव किताबको विवरण समय समयमा सार्वजनिक जानकारीकालागि प्रकाशित गर्नु पालिकाको जिम्मेवारी हुनेछ ।

## <u>परिच्छेद-३</u>

## खाद्य सम्प्रभुताको अधिकार संरक्षण र प्रवर्द्धन



लोक प्रसाद बजरा
अध्यक्ष

१४. खाद्य सम्प्रभूताको अधिकार: संघीय ऐनको दफा २(ङ) र दफा १२को सर्वसामान्यतामा प्रतिकुल असर नपर्ने गरी पालिकाले प्रत्येक किसानको देहायबमोजिम खाद्य सम्प्रभूता अधिकारको सम्मान, संरक्षण र परिपुर्ति गर्नेछः–

(क) प्रत्येक किसान वा खाद्य उत्पादकले पहिचान र सम्मान पाउने,

(ख) खाद्य तथा कृषि उत्पादन प्रणाली सम्बन्धी नीति निर्माण तथा निर्णय प्रकृयामा सहभागी हुने,

(ग) कृषि कार्यका लागि आवश्यक पर्ने कृषि भूमि, चरण क्षेत्र लगायतका श्रोतसाधनमा पहुँच हुने,

(घ) स्थानीय बीउ बिजन, प्रविधि, औजार र कृषि प्रजातिको छनौट तथा त्यसको बौद्धिक सम्पत्तिको संरक्षण प्राप्त गर्ने,

(ङ) परम्परागत तथा रैथाने खाद्यको संरक्षण गर्ने,

(च) कृषि पेशावाट स्वेच्छाचारी रुपले वञ्चित गर्ने कार्य विरुद्ध संरक्षण प्राप्त गर्ने,

(छ) कृषि व्यवसायको विश्वव्यापीकरण वा व्यापारीकरणको प्रतिकूल प्रभाववाट संरक्षित हुने,

(ज) आफ्नो उत्पादनको उचित मुल्य प्राप्त गर्ने,

(झ) कृषि मजदुरले न्यूनतम ज्याला प्राप्त गर्ने,

(ञ) भेदभाववाट संरक्षण प्राप्त गर्ने,

(ट) पिरमर्काविरुद्ध सुनुवाइ तथा क्षतिपूर्ति प्राप्त गर्ने ।

१५. किसानको सूचिकरण तथा परिचयपत्र: (१) संघीय ऐन तथा नियमावलीमा प्रबन्ध भएबमोजिम पालिकाले किसानको पहिचान, सूचिकरण तथा वर्गिकरण गरी लगत राख्नेछ ।

(२) पालिकाले संघीय ऐन तथा नियमावलीमा तोकिएको ढाँचामा प्रत्येक सूचिकृत तथा वर्गिकृत किसानलाई परिचयपत्र उपलब्ध गराउने छ ।

१६. किसानको सम्मान र शसक्तिकरण: (१) संघीय ऐन अन्तर्गत परिचय पत्र प्राप्त गरेका किसानको सम्मान र शसक्तिकरणका लागि पालिकाले छुट, सुविधा तथा अनुदान उपलब्ध गराउने छ ।

(२) उपदफा (१) बमोजिम छुट, सुविधा तथा अनुदान उपलब्ध गराउँदा पालिकाले भूमिहिन, श्रमिक, सिमान्तकृत, साना किसान, महिला किसान तथा यूवा किसानलाई विशेष प्राथमिकता दिनेछ ।

(३) पालिकाले छुट, सुविधा तथा अनुदान प्रदान गर्ने प्रयोजनका लागि कार्यक्रम वनाउँदा किसान तथा किसानका संगठनसंग परामर्श गरी उनिहरुको आवश्यकतालाई ध्यान दिनेछ ।

(४) कृषि पेशाको संरक्षण र किसानको जिवनस्तर अभिवृद्धि गर्न संघीय ऐनको दफा १३ मा तोकिएका विषयहरुलाई पालिकाले आफ्नो आवधिक तथा वार्षिक योजना र कार्यक्रममा समावेश गरी कार्यान्वयनमा ल्याउनेछ ।

१७. कृषियोग्य भूमि सरक्षण तथा उपयोग: (१) भूमिहिन तथा साना किसानलाई भूमिमा पहुँच दिनका लागि पालिकाले नेपाल सरकार तथा प्रदेश सरकारसंगको समन्वयमा देहायका उपाय अपनाउनेछः

(क) उपयोगविहीन अवस्थामा रहेको सरकारी वा निजी कृषियोग्य जमिनको विवरण संकलन गरी लगत तयार गर्ने ।

(ख) भूमि बैकको अवधारणा अनुरुप कृषियोग्य भूमिको अधिकतम सदुपयोग गरी कृषि उत्पादनप्रवर्द्धन गर्न सरोकारवालाहरुसंगको परामर्शमा कार्यविधि बनाएर लागु गर्ने ।

(ग) पहिचान भएको उपयोगविहिन जमिनको उत्पादन क्षमता, सिंचाई र अन्य पुर्वाधार समेतलाई ध्यानमा राखी भाडादर कायम गर्ने ।

(घ) त्यस्तो जमिनमा पहुँच चाहने स्थानीय किसानको विवरण तयार पारी कृषि प्रयोजनका लागि करारमा जमिन उपलब्ध गराउने ।

(ङ) भूमिहीन तथा विपन्न तथा साना किसानलाई जमिन उपलब्ध गराउँदा भाडामा अनुदान दिने ।

(च) भोगाधिकारको सुविधा सहित त्यस्तोकृषियोग्य भूमिमा पहुँच उपलब्ध गराउँदा कम्तिमा १० वर्षको लागि उपलब्ध गराउने ।



... प्रसाद ...
अध्यक्ष

(छ) कृषियोग्य जमिन वाँझो राख्ने प्रवृति निरुत्साहित गर्न अन्य उपयुक्त उपाय अवलम्वन गर्ने ।

(२) कृषियोग्य भूमिको लाभदायक उपयोगलाईप्रवर्द्धन गर्न पालिकाले किसानका लागि बीउविजन, मलखाद्य, कृषि औजार तथा यन्त्रहरु, सिंचाई सुविधा, सहुलियतपूर्ण कर्जा तथा प्राविधिक जनशक्तिको उपलब्धता र पहुँच सुनिश्चित गर्नेछ ।

<u>१८. स्थानीय कृषि उत्पादनको लागि वजार प्रवद्र्धन: संघीय</u> ऐनको दफा १६ बमोजिम स्थानीय कृषिजन्य उत्पादनकालागि वजारप्रवर्द्धन गर्न पालिकाले देहायका कार्य गर्नेछ:-

(क) पालिकाले कृषिजन्य उत्पादन खरिद गर्दा स्थानीय उत्पादनलाई पहिलो प्राथमिकता दिने,

(ख) स्थानीय उत्पादनको उपभोगलाई प्राथमिकता दिन स्थानीय समुदायलाई उत्प्रेरित गर्ने,

(ग) परम्परागत हाट बजारहरुको संरक्षण तथा स्तरोन्नती गर्ने,

(घ) सहकारी पसल र संकलन केन्द्रमार्फत स्थानीय उत्पादनमा उपभोक्ताको पहुँचप्रवर्द्धन गर्ने,

(ङ) विद्यालयहरुमा सञ्चालन हुने दिवा भोजन तथा खाजा कार्यक्रमहरुले स्थानीय उत्पादनको प्रयोग गर्ने,

(च) स्थानीय कृषि उत्पादनको वजारिकरण अवस्थाको समयसमयमा अनुगमन गर्ने,

(छ) स्थानीय कृषि उपजको अस्वस्थ, असन्तुलित प्रतिस्पूर्धा र एकाधिकारलाई नियन्त्रण गर्ने,

(ज) स्थानीय तहका प्रमुख खाद्य वालीको न्यूनतम समर्थन मुल्य निर्धारण गर्ने तथा निर्धारित मुल्य अनुरुप कृषि उपजको खरीद तथा मुल्यको भूक्तानी दिने प्रणालीको विकास गर्ने ।

(झ) स्थानीय उत्पादनको वजारिकरणमा टेवा पुर्‍याउने उदेश्यले स्थापित कृषि समुह र सहकारीलाईप्रवर्द्धन गर्ने,

(ञ) स्थानीय उत्पादनको मुल्य सम्बद्र्धनका लागि चिस्यानकेन्द्र, प्रशोधनकेन्द्र जस्ता पूर्वाधारको विकास र तीनमा विभेदरहित पहुँचलाई प्राथमिकता दिने ।

(ट) स्थानीय कृषि उपजको वजारप्रवर्द्धनका लागि अनुदानको व्यवस्था गर्ने ।

<u>१९. रैथाने खाद्य वाली तथा कृषि जैविक श्रोत संरक्षण:</u> रैथाने खाद्य वाली तथा कृषि जैविक श्रोत संरक्षणका लागि पालिकाले देहायबमोजिम प्रबन्ध गर्नेछ:-

(क) पालिका भित्रका कृषि जैविक श्रोतहरुको अभिलेखिकरण गर्ने,

(ख) पालिकामा उपलब्ध रैथाने जातका खाद्य वालीका प्रजातीको सुचिकरण गर्ने,

(ख) रैथाने प्रजातीको बिउ उत्पादन र संरक्षणका लागि अनुदान दिने,

(ग) रैथाने वालीको उत्पादन गर्ने किसानलाई प्रोत्साहित गर्ने,

(घ) रैथाने वालीको उत्पादनप्रवर्द्धनका लागी किसान शिक्षा कार्यक्रम सञ्चालन गर्ने ।

(ङ) किसानसंगको परामर्शमा अन्य आवश्यक उपायहरु अवलम्बन गर्ने ।

<u>२०. अनुदान, छुट तथा सहुलियत:</u> (१) पालिकाले किसानलाई उपलब्ध गराउने अनुदान, छुट तथा सहुलियतलाई देहायबमोजिम नियमन गर्नेछ:-

(क) अनुदानलाई उत्पादनमा आधारित वनाउने ।

(ख) अनुदानमा दोहोरोपन हुन नदिने ।

(ग) अनुदानका शर्त पालना गरे नगरेको स्थानीय खाद्य समन्वय समितिमार्फत नियमित अनुगमन र मुल्यांकनको व्यवस्था गर्ने ।

(घ) अनुदानको प्रकृयालाई सहज, सरल र किसानमैत्री बनाउने ।

(ङ) अनुदानको दुरुपयोग गरेको पाईएमा अनुदान रकम फिर्ता लिने वा सोधभर्ना गराउने व्यवस्था गर्ने ।

(च) अनुदान रकमको दुरुपयोग गर्ने, झुट्टा विवरण तयार गरी अनुदान लिने व्यक्तिको अभिलेख राखी कालो सूचिमा राख्ने ।



लोक प्रसाद बजगाईं
अध्यक्ष

(२) सरोकारवालाहरुसंगको परामर्शमा अनुदान प्रणालीलाई व्यवस्थित बनाउन आवश्यक मापदण्ड गाउँ कार्यपालिकाले निर्धारण गरी लागु गर्न सक्नेछ ।

२१. लक्षित कृषि विकास कार्यक्रमः (१) संघीय ऐनको दफा १८ बमोजिम पालिकाले लक्षित कृषि विकास कार्यक्रमको छनौट तथा कार्यान्वयन गर्दा देहायका कार्यक्रमलाई प्राथमिकता दिनेछः–

(क) भूमिहिन, सिमान्तकृत, विपन्न तथा साना किसानको जीवनस्तर अभिवृद्धि गर्न टेवा पुग्ने कार्यक्रम ।

(ख) किसानको सम्मान र शसक्तिकरण हुने कार्यक्रम ।

(ग) महिला तथा यूवाहरुलाई कृषिमा आकर्षित गर्ने तथा टिकाउने खालका कार्यक्रम ।

(घ) कृषि एवं स्थानीय खाद्य संस्कृति, कृषि जैविक विविधताकोप्रबर्द्धनमा टेवा पुग्ने कार्यक्रम ।

(ङ) जलवायूपरिवर्तनको प्रभाव न्यूनिकरण तथा सामना गर्ने कार्यक्रम ।

(२) उपदफा (१) बमोजिमका कार्यक्रम छनौट गर्दा पालिकाले संघ तथा प्रदेश सरकारसंग समन्वय गरेर कार्यक्रमहरुमा दोहोरोपन हटाउने छ ।

२२. जलवायू परिवर्तनको असर न्यूनिकरणः संघीय ऐन तथा नियमावलीमा तोकिएका उपायहरुको अतिरिक्त पालिकाले जलवायू परिवर्तनले खाद्य उत्पादनमा पार्न सक्ने प्रतिकुल प्रभाव वा त्यसवाट हुनसक्ने जोखिम न्यूनिकरणका लागी देहाय बमोजिमका उपायहरु कार्यान्वयनमा ल्याउंनेछः–

(क) जलवायू परिवर्तन, यसको प्रभाव र सो प्रभाववाट जोगिने उपायको वारेमा खोजअनुसन्धानसमेत गरी किसानलाई जागृत गराउने ।

(ख) जंगली जनावरबाट जोगाउन सजिलो हुने प्रजातीका वालीनाली लगाउन उत्पेरित गर्ने तथा त्यसका लागि विउविजन एवं प्रविधि उपलब्ध गराउने ।

(ग) प्रकोपको पूर्वानुमान तथा पूर्व सचेतता प्रणालीको स्थापना र विस्तार गर्ने तथा प्रभाव न्यूनिकरण गर्ने उपायसम्बन्धी सुचनाको प्रवाहलाई प्रभावकारी वनाउने ।

(घ) खाद्य उत्पादनमा जलवायू परिवर्तनको असर न्यूनिकरणका लागि समुदाय स्तरमा अपनाइएका सकारात्मक प्रयासहरुप्रवर्द्धन गर्ने

(ङ) जलवायू परिवर्तनवाट प्रभावित किसानको हित संरक्षण गर्न कृषि तथा प्रकोप विमाको पहुँच विस्तार गर्ने ।

(च) समुदाय स्तरमा जलवायू शिक्षामार्फत जलवायू अनुकुलन कृषि प्रणालीकोप्रवर्द्धन गर्ने ।

(छ) जलवायू परिवर्तनले कृषिमा पारेको नकारात्मक प्रभावको प्रवृतिगत अवस्थाको निरन्तर अनुगमन तथा अभिलेखन गर्ने ।

(ज)जलवायु परिवर्तन र यसको असर न्यूनिकरणवारे काम गर्ने संघसस्था र निकायहरुसंग सहकार्य गर्ने ।

(झ) जलवायू परिवर्तनको जोखिम न्यूनिकरणमा लक्षित गरी नेपाल सरकार र प्रदेश सरकारबाट तय भै आएका कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयनको प्रवन्ध मिलाउने ।

## परिच्छेद–४

## खाद्य अधिकार कार्यान्वयनको प्रबन्ध

२३. स्थानीय खाद्य अधिकार समन्वय समितिको गठनः (१) पालिकामा खाद्य अधिकार, खाद्य सुरक्षा तथा खाद्य सम्प्रभुताको अधिकारको संरक्षण एवंप्रवर्द्धन गर्ने प्रयोजनका लागि संघीय ऐनको दफा ३६को अधीनमा रही देहाय बमोजिम स्थानीय खाद्य समन्वय समितिको गठन हुनेछः–

(क) गाउँपालिको अध्यक्ष..................................संयोजक ।

(ख) गाउँपालिकाको उपाध्यक्ष.........................उप–संयोजक ।

(ग) प्रमुख प्रशासकीय अधिकृत.........................सदस्य



लोक प्रसाद तजे
अध्यक्ष

(घ) गाउँ कार्यपालिकाको सदस्य (खाद्य तथा कृषि विषय हेर्ने)....सदस्य ।

(ङ) वडा अध्यक्षहरु मध्यवाट गाउँ कार्यपालिकाले तोकेका दुईजना......................सदस्य

(च) गाउँपालिकाका महिला वडा सदस्यहरूमध्येबाट एक जना प्रतिनिधि ......... सदस्य

(छ) गाउँपालिकाका दलित महिला सदस्यहरूमध्ये एक जना प्रतिनिधि.............सदस्य

(ज) प्रमुख, सामाजिक विकास शाखा..............................सदस्य

(झ) प्रमुख, महिला तथा बालबालिका शाखा....................................सदस्य

(ञ) प्रमुख, विपद् व्यबस्थापन शाखा............................................सदस्य

(ट) प्रमुख, पशु सेवा शाखा .................................................सदस्य

(ठ) गाउँपलिकास्तरीय नेपाल उद्योग वाणिज्य संघको प्रतिनिधि........सदस्य

(ड) पालिकाभित्र कृषक समुह तथा कृषि सहकारी संस्थाहरुसमेतको तर्फवाट गाउँ कार्यपालिकाले मनोनित गरेको कम्तिमा एकजना महिला सहित दुईजना प्रतिनिधि..........सदस्य

(ढ) खाद्य, पोषण तथा कृषिको क्षेत्रमा क्रियाशिल स्थानीय नागरिक समाजका सदस्यहरुमध्यवाट कम्तिमा एक जना महिला सहित २ जना .........................सदस्य

(ण) विद्यालयका प्राधानाध्यापकहरु मध्यवाट गाउँ कार्यपालिकाले तोकेका २ जना.........सदस्य

(त) प्रमुख, खाद्य तथा कृषि शाखा....................................सदस्य-सचिव

(२) उपदफा (१) को खण्ड (ड), (ढ) र (ण) बमोजिम मनोनीत सदस्यको पदावधि दुई वर्षको हुनेछ ।

२४. समितिको काम, कर्तव्य र अधिकार: (१) समितिका काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः-

(क) पालिकामा खाद्य अधिकार, खाद्य सम्प्रभूता, खाद्य तथा पोषण सुरक्षा, खाद्य प्रणालीका विषयमा आवश्यक नीति तथा कानुन तर्जुमा र भैरहेको नीति तथा कानुनमा सुधारका लागि समन्वय, सहजिकरण र सिफारिस गर्ने ।

(ग) नीतिगत प्राथमिकताको आधारमा खाद्य तथा पोषण सुरक्षा, खाद्य अधिकार, खाद्य प्रणाली एवं खाद्य सम्प्रभूता सम्बन्धमा आवश्यक योजना, रणनीति वा कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्ने, गराउने ।

(घ) पालिका भित्र भोकमरी वा खाद्य÷पोषण असुरक्षाको जोखिममा रहेका व्यक्ति, परिवार, समुदाय र क्षेत्रको पहिचान गरी एकीकृत र अद्यावधिक अभिलेख राख्न सहजिकरण गर्ने ।

(ङ) खाद्यको आफैं जोहो गर्न नसकेको करण खाद्यको चरम असुरक्षामा रहेका वा परित्यक्त वा वेसहारा अबस्थाका व्यक्तिलाई पालिका तहमा तत्काल भरणपोषण तथा सामाजिक संरक्षणको यथोचित प्रबन्धका लागि सहजिकरण गर्ने,

(च) महामारी, प्राकृतिक प्रकोप वा अन्य कुनै विपद्का कारणले कुनै क्षेत्रमा खाद्य संकट उत्पन्न भएमा शिघ्र खाद्यको उपलब्धता र पहुँच वढाई संकटको तत्काल सम्बोधन गर्न पहल गर्ने,

(छ) विपद्को समयमा प्रभावित व्यक्ति, परिवार, समुदाय र क्षेत्रमा खाद्य सहायताको वितरण प्रभावकारी भएनभएको अनुगमन गरी गाउँ कार्यपालिकामा सिफारिस गर्ने,

(ज) पालिकामा खाद्यको अभाव हुन नदिन खाद्य भण्डारण सुविधाको आवश्यकतानुसार सुदृढिकरण, स्थापना तथा विस्तार गरी खाद्यको सञ्चिति र समुचित वितरण प्रणालीको व्यवस्था मिलाउन समन्वय तथा सहजिकरण गर्ने,

(झ) राष्ट्रिय खाद्य परिषद्, प्रदेश खाद्य परिषद्, जिल्ला समन्वय समिति तथा तहगत सरकारका अन्य निकायहरु संग समन्वय र सहकार्य गर्ने ।

(ञ) प्रदेशको खाद्य तथा पोषण सुरक्षा सम्बन्धमा आवश्यक अध्ययन, अनुसन्धान गर्ने, गराउने,



लोक प्रसाद तजरा
अध्यक्ष

(ट) जलवायू परिवर्तनका कारण कृषिमा परेको प्रभाव न्यूनिकरणका लागि सिफारिस गर्ने ।

(ठ) स्थानीय कृषि उत्पादनप्रवर्द्धनका लागि कृषि पूर्वाधारमा किसानको पहुँच वढाउन समन्वय गर्ने

(ड) खाद्य अधिकार, खाद्य सम्प्रभूता, खाद्य प्रणाली रूपान्तरण, खाद्य तथा पोषण सुरक्षा समेतका विषयमा जनचेतना जागृत गर्दै नागरिक शिक्षाको प्रवद्धन गर्ने,

(ढ) समितिको उदेश्यसंग सरोकार राख्ने विषयमा सरकारी, गैरसरकारी तथा निजि क्षेत्रबाट हुने काम कारबाहीलाई प्रभावकारी बनाउन समन्वय गर्ने,

(ण) पालिका भित्रका विभिन्न क्षेत्र र समुदायमा खाद्य सुरक्षा अवस्थाको वारेमा नियमित रुपमा अनुगमन गर्ने ।

(त) स्थानीय स्तरमा उत्पादन हुने खाद्य उत्पादनकोप्रवर्द्धनका उपाय अपनाउन गाउँकार्यपालिकालाई आवश्यक सिफारिस गर्ने ।

(थ) खाद्य अधिकार तथा खाद्य सम्प्रभूतासंग सरोकार राख्ने विषयमा किसान, किसानका संघसंगठन तथा अन्य सरोकारवालाहरुसंग समय समयमा परामर्श तथा छलफल गर्ने गराउने ।

(द) समितिको कामलाई प्रभावकारी बनाउन अन्य अन्य आवश्यक कार्य गर्ने ।

<u>२५. बैठक र निर्णय सम्बन्धी व्यवस्था:</u> समितिको बैठक सञ्चालन तथा निर्णय सम्बन्धी कार्यविधि देहाय बमोजिम हुनेछः-

(क) बैठक वर्षको कम्तिमा ६ पटक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(ख) सदस्य-सचिवले परिषद्को बैठक बस्ने सूचना र बैठकमा छलफल हुने विषयको कार्यसूची कम्तीमा सात दिन अगावै सदस्यहरूलाई उपलब्ध गराउनेछ ।

(ग) तत्काल कायम रहेको कुल सदस्य संख्याको पचास प्रतिशतभन्दा बढी सदस्य उपस्थित भएमा बैठकको लागि गणपुरक संख्या पुगेको मानिनेछ ।

(घ) बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा उपाध्यक्ष र उपाध्यक्ष पनि अनुपस्थित भए बरिष्ठ सदस्यले गर्नेछ ।

(ङ) बैठकमा आवश्यकता अनुसार सरोकारवाला संस्थाका प्रतिनिधि, विषय विज्ञ तथा सम्बन्धीत निकायका पदाधिकारी वा कर्मचारीलाई आमन्त्रण गर्न सकिनेछ ।

(च) बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णयात्मक मत दिनेछ ।

(छ) बैठकको निर्णय सदस्य-सचिवले अभिलेख पुस्तिकामा जनाई बैठकमा उपस्थिति सबै सदस्यहरुको दस्तखत गराई राख्ने छ ।

(ज) बैठकको निर्णय अध्यक्ष वा सदस्य-सचिवले प्रमाणित गर्नेछ ।

(झ) बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरेबमोजिम हुनेछ ।

<u>२६. बैठक भत्ता तथा सुविधा:</u> यस ऐन अन्तर्गतका पदाधिकारी, सदस्य तथा विषय विज्ञले गाउँ÷नगर कार्यपालिकाबाट स्वीकृत मापदण्ड बमोजिम बैठक भत्ता, परामर्श शुल्क वा अन्य सुविधा पाउनेछ ।

<u>२७. स्थानीय खाद्य सुरक्षा सुचना केन्द्र:</u> (३) देहायका उदेश्य पुरा गर्न पालिकामा एक खाद्य सुरक्षा सूचना केन्द रहनेछ :-

(क) खाद्य तथा पोषण सूरक्षा, खाद्य अधिकार तथा खाद्य सम्प्रभूता सम्बन्धी सूचनाको संकलन, विश्लेषण तथा अभिलेखन गर्ने ।

(ख) खाद्य तथा पोषण सूरक्षा, खाद्य अधिकार तथा खाद्य सम्प्रभूतासंग सम्बन्धीत नीति, कानुन, योजना तथा कार्यक्रम निर्माण र कार्यान्वयनलाई तथ्यपरक तथा बस्तुपरक बनाउने ।

(ग) खाद्य तथा पोषण सूरक्षा, खाद्य अधिकार तथा खाद्य सम्प्रभूता सम्बन्धी शिक्षा तथा सूचनाको प्रवाहलाई प्रभावकारी बनाउने ।

(घ) पालिकामा खाद्य सुशासन, जवाफदेहीता र पारदर्शिताको संस्कृति प्रवर्द्धन गर्ने ।

(ङ) स्थानीय जनता तथा किसानको सूचनाको हकलाई सम्मान, संरक्षण परिपुर्तिको लागि उचित वातावरण तयार पार्ने ।

(च) सूचनाको विषयमा सम्बन्धीत निकाय तथा सरोकारवालाहरुसंग आवश्यक समन्वय गर्ने ।



लोक प्रसाद तजा
अध्यक्ष

(२) सुचना केन्द्रको रेखदेख र निर्देशनका लागि गाउँपालिकाको उपाध्यक्षको संयोजकत्वमा देहायबमोजिमका पदाधिकारी रहनेगरी एक स्थानीय खाद्य सुरक्षा सुचना केन्द्र सञ्चालक समिति गठन हुनेछः–

(क) गाँउपालिका उपाध्यक्ष ............................ संयोजक

(ख) प्रमुख, आर्थिक विकास शाखा........................सदस्य

(ग) सूचना अधिकारी..........................................सदस्य

(घ) प्रमूख, स्वास्थ्य शाखा.....................................सदस्य

(ङ) प्रमुख, महिला तथा बालबालिका शाखा..................सदस्य

(च) प्रमुख, पशुपंक्षी विकास शाखा..............सदस्य

(छ) प्रमुख, खानेपानी तथा सरसफाई शाखा..................सदस्य

(ज) प्रमुख, सूचना प्रविधि शाखा................................सदस्य

(झ) प्रमुख, विपद् व्यवस्थापन इकाई..........................सदस्य

(ञ) प्रमुख, योजना शाखा.........................................सदस्य

(ट) खाद्य तथा कृषिको क्षेत्रमा क्रियाशिल गैरसरकारी संस्थाहरुको तर्फवाट गाउँ कार्यपालिकाले मनोनित गरेको कम्तिमा एकजना महिला सहित दुई जना प्रतिनिधि...........................................................सदस्य

(ठ) कृषक समुह तथा कृषि सहकारी संस्थाहरुको तर्फवाट गाउँकार्यपालिकाले मनोनित गरेको एक जना प्रतिनिधि...................................................सदस्य

(ड) अगुवा कृषकहरुकोतर्फवाट गाउँकार्यपालिकाले मनोनित गरेको दुईजना अगुवा कृषक प्रतिनिधि.........................................................सदस्य

(ण) प्रमुख कृषि विकास शाखा.........................................सदस्य-सचिव

(३) सूचना केन्द्रको मुकाम गाउँ कार्यपालिका कार्यालयमा रहनेछ,

(४) सुचना केन्द्रका लागि आवश्यक पर्ने कर्मचारी तथा श्रोतसाधानको प्रबन्ध गाउँकार्यपालिकाले गर्नेछ ।

(५) समितिको वैठक सञ्चालन तथा निर्णय सम्बन्धी विधि तथा प्रकृया तोकिएबमोजिम हुनेछ ।

(६) स्थानीय खाद्य सुरक्षा सूचना केन्द्रको काम, कर्तव्य र अधिकारहरु देहाय बमोजिम हुनेछः–

(क) पालिका भित्र खाद्य तथा पोषण सुरक्षा, खाद्य अधिकार तथा खाद्य सम्प्रभूता सम्बन्धी सूचनाका प्रचार, प्रसार एवं प्रवाहलाई प्रभावकारी बनाउने ।

(ख) खाद्य तथा पोषण सुरक्षा एवं कृषिसँग सम्बन्धित सूचनाको संकलन, विश्लेषण तथा अभिलेखन गर्ने र समय समयमा विवरण अद्यावधिक गर्ने ।

(ग) पालिकाको पार्श्वचित्र बनाउने तथा त्यसलाई अद्यावधिक गर्न सहजीकरण गर्ने ।

(घ) पालिकाका कानुन, नीति, योजना तथा कार्यक्रम निर्माण तथा कार्यान्वयनलाई सूचित तथा तथ्यपरक बनाउने ।

(ङ) स्थानीय खाद्य समन्वय समिति तथा गाउँ कार्यपालिकालाई आवश्यक तथ्य, तथ्याङ्क तथा सूचना उपलब्ध गराई सहजीकरण गर्ने ।

(च) आवधिक वा बार्षिक रूपमा प्राप्त सूचना तथा तथ्यहरूको विश्लेषण गरी समन्वय समिति र गाउँ कार्यपालिकालाई पृष्ठपोषण उपलब्ध गराउने ।

(छ) सार्वजनिक जानकारीका लागि तयार गरिने खाद्य सुरक्षा सम्बन्धी सूचनामूलक तथा शिक्षामूलक जानकारीको गुणस्तर नियन्त्रण तथा आधिकारिकता सुनिश्चित गर्ने ।



लोक प्रसाद ...
अध्यक्ष

(ज) सार्वजनिक जानकारीका लागि खाद्य अधिकार, खाद्य तथा पोषण सुरक्षा एवं खाद्य सम्प्रभूता लगायतका विषयमा सूचनामूलक सामग्री, बुलेटिन तथा प्रतिवेदन प्रकाशन गर्ने ।

(झ) खाद्य तथा पोषण सुरक्षा, खाद्य अधिकार र खाद्य सम्प्रभूता लगायतका विषयमा जनचेतना तथा शिक्षामूलक कार्यक्रम सञ्चालन गर्ने ।

(ञ) नेपाल सरकार तथा पालिकाले सञ्चालनमा ल्याएका खाद्य सुरक्षा सम्बन्धी सूचना केन्द्र, ईकाइ तथा अन्य संयन्त्रसँग समन्वय गर्ने ।

(ट) सूचना सञ्जालको विस्तार गरी स्थानीय खाद्य सुरक्षा सूचना प्रणालीकोप्रवर्द्धनका लागि आवश्यक कार्य गर्ने । (५) सूचना केन्द्र सम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ ।

२८: स्थानीय खाद्य योजना: (१) पालिकाले नेपाल सरकारले संघीय ऐन अनुरुप बनाउने राष्ट्रिय खाद्य योजनालाई आधार बनाएर स्थानीय खाद्य योजनाको तर्जुमा गरी लागु गर्नेछ ।

(२) खाद्य योजना तर्जुमा गर्दा विद्यमान खाद्य प्रणालीलाई थप समतामूलक, उत्थानशील तथा दिगो बनाउने पक्षमा विशेष जोड दिनेछ

(३) स्थानीय खाद्य योजना तर्जुमाको क्रममा पालिकाले संघ, प्रदेश, स्थानीय तथा सामुदायिक स्तरका सरोकारवालासंग परामर्श गर्नेछ ।

(४) स्थानीय खाद्य योजना वहाल रहने अवधि पाँच वर्षको हुनेछ र प्रत्येक पाँच/पाँच वर्षमा पालिकाले खाद्य योजना तर्जुमा गरी लागु गर्नेछ ।

(५) पालिकाको विशिष्ट परिस्थिति तथा आवश्यकतालाई हेरेर खाद्य योजनामा समावेश गर्नु पर्ने विषयहरु पालिकाले तोकेबमोजिम हुनेछन ।

२९. अनुसन्धान तथा वैज्ञानिक प्रविधिको विकास: अनुसन्धान तथा वैज्ञानिक प्रविधिको विकासमार्फत खाद्य अधिकार, खाद्य सुरक्षा तथा खाद्य सम्प्रभूताकोप्रवर्द्धनका लागि पालिकाले देहायका उपाय अबलम्वन गर्नेछः-

(क) वार्षिक रुपमा अनुसन्धान तथा वैज्ञानिक प्रविधिको प्रयोग तथा विकासका लागी वजेट छुट्याउने,

(ख) अध्ययन तथा अनुसन्धानवाट आएको निष्कर्ष र सिफारिसलाई कार्यान्वयन गर्ने गराउने,

(ग) नितिगत, कानुनी तथा कार्यक्रमिक सुधारलाई अनुसन्धानमुलक वनाउने ।

३०. खाद्यको भण्डारण तथा सञ्चितिको प्रबन्ध: (१) पालिकाले देहायबमोजिम खाद्य सञ्चिति र भण्डारणको प्रबन्ध गर्नेछः-

(क) जनसंख्याको अनुपात तथा खाद्यको आवश्यकताको प्रवृतिलाई हेरेर स्थानीय खाद्य सञ्चिति तथा भण्डारणको प्रबन्ध मिलाउने,

(ख) यथासक्य पालिका भित्रकै उत्पादन खरिद गरेर पर्याप्त खाद्य सञ्चितिको व्यबस्था मिलाउने,

(ङ) स्थानीय खाद्य सञ्चितिलाई वर्षेनी नविकरण गर्ने,

(च) खाद्यान्न सञ्चित तथा भण्डारण गर्दा प्रचलित गुणस्तर सम्बन्धी मापदण्डलाई पालना गर्ने,

(छ) सामुदायिक स्तरमा परम्परागत खाद्य सञ्चिति प्रणालीको पुनरुत्थान गर्ने,

(ज) भण्डारणमा रहेको खाद्यान्नलाई खाद्यको संकट सम्बोधन गर्न तथा खाद्य असुरक्षित परिवारलाई सहायता दिन उपयोग गर्ने,

(झ) पालिका भित्र खाद्यको अनुचित मूल्यवृद्धिलाई नियन्त्रण गर्ने ।

(२) नेपाल सरकारको स्वामित्वमा रहेको खाद्य व्यवस्थापन तथा व्यापार कम्पनी अन्तर्गतको खाद्य सञ्चिति, भण्डारण तथा ढुवानीको प्रणालीलाई स्थानीय तहमा सुदृढ तथा विस्तार गर्ने ।

(३) पालिका भित्रको खाद्य उत्पादन तथा उपभोगको अबस्था समेतलाई ध्यानमा राखेर पालिकाले राजपत्रमा सुचना प्रकाशन गरी पालिका भित्र उत्पादन हुने मुख्य कृषिवालीको सूची सार्वजनिक गर्नेछ ।

(४) पालिका भित्र खाद्यको अभाव हुन नदिन आवश्यक खाद्यको नियमित ढुवानी तथा आपूर्तिको प्रबन्ध गर्नेछ ।

## परिच्छेद-५

## गाउँ टोल घर-घरमा स्थानीय सरकार



लोक प्रसाद तेजरा
अध्यक्ष

## विविध

<u>३१. गुनासो सुनुवाइ :</u> (१)यस ऐनअन्तर्गत पालिका तथा मातहतवाट सम्पादन हुने काम कारवाहीको वारेमा कुनै गुनासो उत्पन्न भएमा त्यस्तो गुनासो सुन्ने र निरुपण गर्ने प्रयोजनका लागि पालिकाको न्यायिक समितिले गुनासो सुनुवाइ समितिको रुपमा काम गर्नेछ ।

(२) उपदफा (१) बमोजिमको गुनासो सूनुवाईको विधि तथा प्रकृया तोकिएबमोजिम हुनेछ ।

<u>३२. दण्ड सजाय:</u> (१) संघीय ऐनअन्तर्गत परिभाषित कसुरजन्य कार्यको अनुसन्धान, मुद्धाको दायरी, न्यायनिरुपण, पुनरावेदन र क्षतिपूर्तिको कारवाही संघीय ऐनको परिच्छेद ७मा उल्लेख भएबमोजिम हुनेछ ।

(२) संघीय ऐनको दफा ४०बमोजिमका कसुरजन्य कार्य भएको सूचना वा जानकारी प्राप्त भएमा न्यायिक समितिले कारवाहीका लागि सम्वन्धित निकायलाई प्रेषण गर्नेछ ।

<u>३३. निरिक्षण अधिकृत:</u> (१) पालिकाले आवश्यक संख्यामा स्थानीय खाद्य निरिक्षणकर्ता तोक्न वा नियूक्त गर्न सक्नेछ ।

(२) निरिक्षणकर्ताको रुपमा नियूक्त हुने वा तोकिने व्यक्तिको योग्यता तोकिएबमोजिम हुनेछ ।

(३) उपदफा (१) अन्तर्गत नियूक्त हुने वा तोकिने निरिक्षण कर्तालाई पालिकाले विषयगत तालिमको व्यवस्था गर्नु पर्नेछ ।

(४)उपदफा (१) बमोजिम नियूक्त भएको वा तोकिएको निरिक्षणकर्ताको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) आफ्नो कार्यक्षेत्र भित्र ऐनका ब्यवस्थाहरुको कार्यान्वयन प्रभावकारी भए नभएको नियमित रुपमा अनुगमन गर्ने,

(ख) ऐन बमोजिम सहज रुपमा सेवाग्राहीले पाउनु पर्ने सेवा सुविधा पाए नपाएको सम्बन्धमा सुचना संकलन गर्ने,

(ग) नेपाल सरकार, प्रदेश र पालिका अन्तर्गतका सम्बन्धीत निकाय तथा संरचनाहरुसंग समन्वय गर्ने,

(घ) उजुरी तथा गुनासो लिने र आवश्यक कारवाहिका लागि सम्बन्धीत निकायमा प्रेषण गर्ने,

(ङ) आफ्नो कार्यक्षेत्र भित्र आवश्यकता अनुसार पालिकाको स्रोत व्यक्ति वा सम्पर्क व्यक्तिको रुपमा कार्य गर्ने,

(च) भोकमरी तथा खाद्य असुरक्षाको जोखिममा रहेका समुदाय तथा क्षेत्रमा स्थलगत अध्ययन गरी वस्तुस्थिति वुझ्ने र गाउँ कार्यपालिका र सम्बन्धीत वडा कार्यालयलाई जानकारी गराउने,

(छ) आफ्नो कार्यक्षेत्र भित्र ऐनको कार्यान्वयन अबस्थाका वारेमा त्रैमाशिक तथा वार्षिक प्रतिवेदन तयार गरी गाउँ कार्यपालिका समक्ष प्रस्तुत गर्ने ।

(ज) ऐनको उद्देश्य पुरा गर्न तोकिएबमोजिम अन्य कार्य गर्ने ।

<u>३४. समावेशी प्रतिनिधित्व:</u> ऐनको कार्यान्वयनका लागि गठन हुने समिति, उपसमिति, कार्यदल, समुह वा अन्य कुनै संस्थागत संरचना खडा गर्दा पालिकाले समावेशी प्रतिनिधित्व सुनिश्चित गर्नु पर्नेछ ।

<u>३५. पालिकाबाट हुने काम:</u> यस ऐनमा पालिकाबाट हुने भनिएको कार्य सम्पादनको जिम्मेवारी पालिकाको कार्यविभाजन बमोजिम गाउँ कार्यपालिका, मातहतका निकाय एवं वडाकार्यालय मार्फत सम्पादन हुनेछन ।

<u>३६. नियम बनाउने अधिकार:</u> यो ऐनको प्रभावकारी कार्यान्वयन गर्न गाउँ कार्यपालिकाले आवश्यक नियम वनाउन सक्नेछ ।

<u>३७. निर्देशिका तथा कार्यविधि बनाउने अधिकार:</u> गाउँ कार्यपालिकाले यस ऐन अन्तर्गत बनेको नियमको अधीनमा रही आवश्यक कार्यविधि वा निर्देशिका बनाउन सक्नेछ ।

<u>३८.प्रचलित कानुनबमोजिम हुने:</u> यस ऐनमा लेखिएको विषयमा यसै ऐन बमोजिम र यसमा नलेखिएको कुरा विषय वा प्रसंग अनुरुप प्रचलित संघीय, प्रदेश र स्थानीय कानून बमोजिम हुनेछ ।

<u>३९. बचाउ तथा खारेजी:</u> गाउँपालिकाले खाद्य अधिकार तथा खाद्य सम्प्रभूताको अधिकारको कार्यान्वयनमा योगदान दिने गरी गरिएका काम कारवाहीहरु यसै ऐन बमोजिम भए गरेको मानिनेछ ।

लोक प्रसाद तजे
अध्यक्ष